परिवर्तनका लागि एक नयाँ आवाज

# टक नेपाल

Talk Nepal National Daily

राष्ट्रिय दैनिक

•वर्ष २ •अंक १३४ •२०८० असोज २८ गते आइतबार • (15-October-2023) •पृष्ठ ४ •मुल्य रु ५।- www.talknepaltv.com




नेपाली काँग्रेस रुपन्देही २ को सभापतिमा गिरी र सहसचिवमा अर्याल निर्वाचित

# बर्दिवास बजारमा चाडपर्वको समयमा चहलपहल बढेसगै व्यवसायीको सुरक्षामा चुनौती




**टक नेपाल**

बर्दिवास । चाडपर्वको समयमा चहलपहल बढेसंगै बर्दिवासका व्यवसायीको सुरक्षामा चुनौती हुन थालेका छन । व्यपारको दृश्टीकोणले जिल्लाकै दोस्रो स्थानको रुपमा चिनिने बर्दिवास बजारलाई सुरक्षामा दिनानुदिन चुनौति थापिदै गईरहेको छ । केही महिना अगाडि बर्दिवासमा एक सुन पसल चोरीको घटना नसेलाउदै पुन ः शनिवास बर्दिवास बजारको मुख्य क्षेत्रमा दुईवटा सटर फोडेर चोरीको प्रयास भएको छ । बर्दिवासको मेन रोडमा संतालनमा रहेको ईश्वरी कलेक्सन सेन्टर र दिप ज्योती बस्त्रालयको सटर शनिबार विहान ४ बजे फोडेर चोरी गर्ने प्रयास भएको इश्वरी कलेक्सनका संचालक सन्तोषमणि घिमिरेले बताए । संचालक धिमिरेका अनुसार, ‘शनिबार बिहान पसल खोल्न लाग्दा सटरमा पुन ताला लगाउन नसकिने गरि सडर तोडफोड गरेको अवस्थामा भेटिएपछि सिसि क्यामेरा हेर्दा सटर अगारि रहेको फलामको भऱ्याङ्गमा बसेको अवस्थामा देखिन्छ । ती दुईजना व्यक्तीहरु मौका छोपी विहान ४ बजे सटर फोड्ने प्रयास गरेको बताए । बर्दिवास बजारमा चाडपर्वको समयमा चहलपहल बढेसंगै व्यवसायीको सुरक्षामा चुनौती पनि बढेको भन्दै इश्वरी कलेक्सनका संचालक सन्तोषमणि घिमिरे र दिप ज्योतीका संचालक केदार साहले ईलाका प्रहरी कार्यलय, ईलाका प्रशासन, बर्दिवास उधोग बाणिज्य संघ र बर्दिवास नगरपालिकालाई ध्यानाकर्षण गराएका छन् । बर्दिवास बजार क्षेत्रमा सिसिटिभि नहुनु प्रहरी प्रशासनले बजारक्षेत्रको सुरक्षामा विशेष चनाखो भएर काम नगर्नु बर्दिवास नगरपालिका,प्रहरी र प्रशासनको अनदेखिकै कारण चोरी डकैतिका घटना बद्दै गएको घिमिरेले बताए । बजारक्षेत्रमा विशेष सुरक्षा व्यवस्था र चोरी डकैति नियन्त्रण तथा रोकथाम गर्नेका लागि बर्दिवास नगरपालिकाले विशेष किसिमको योजना बनाएका छन । यसको छिटै कार्यान्यन हुने बर्दिवास नगरपालिकाका मेयर प्रहलाद कुमार क्षेत्रीले बताउनु भयो । मेयर क्षेत्रीले शनिवार भएको घटना प्रति दुख व्यक्त गदै स्वयम घटना घटेको स्थानमा पुग्दै भने, बर्दिवास नगर पालिकाले अहिले बजार क्षेत्र सुरक्षका लागि ईलाका प्रहरी कार्यलय बर्दिवासलाई आग्रह गरेका छन । बजार क्षेत्रमा यस्ता किसिमको घटनाका कारण दिनानुदिन व्यपारीहरुका त्रास फैलिरहेको प्रति आफु गमभिर रहेको बताए। बजार क्षेत्र लगायत बर्दिवास नगरपालिकाको व्यपारी केन्द्रहरुमा सिसिटिभि क्यामेरा जनामा काम अगाढि बढाएको र नगरपालिकाले छिटैनै सबै क्षेत्रमा काम अगाडि र सुरक्षको अनुभुति नगरपालिकाले गराउने प्रतिवद्ध हुनुभयो । बर्दिवास उद्योग वाणिज्य संघ बर्दिवासका अध्यक्ष विष्णु खड्काले उद्योगी व्यवसायीको सुरक्षाको निमित्त स्थानिय सरकारको तर्फबाट आश्वास मात्रै पाएको तर व्यवसायीको सुरक्षाको निमित्त कुनै काम नभएकाले दिनदिनै चोरीका घटना बढिरहेकोमा चिन्ता व्यक्त गरे ।

# सडक सुरक्षाका लागि शनिबारदेखि बर्दिवासमा अभियान सुरु




**टक नेपाल**

बर्दिवास । रोटरी क्लव अप बर्दिवास, रोट्र्याक्ट क्लव अफ बर्दिवास र जिल्ला ट्राफिक प्रहरी कार्यालय महोत्तरीका संयूक्त प्रयासमा प्रहरी र स्थानीयबासीले सडक सुरक्षाका लागि शनिबार देखि अभियान सुरु गरेका छन। चाडपर्वमा आवागमन गर्ने सवारी र यात्रु बढ्न थालेसँगै सुरक्षित यात्राका लागि सडक सुरक्षा अभियान थालिएको रोट्र्याक्ट क्लव अफ बर्दिवास अध्यक्ष रविन पोखरेलले बताए। काठमाडौंबाट बीपी राजमार्ग हुँदै चाडपर्व मनाउन घर फर्किने हरु बढेसँगै भाडाका सवारीले क्षमताभन्दा बढी यात्रु बोक्ने, बढी भाडा असुल्ने, ट्राफिक नियमको पालना नगर्ने जस्ता गतिविधि नियमन गर्न अभियान चलाइएको जिल्ला ट्राफिक प्रहरी कार्यालय महोत्तरीका प्रमुख रामभक्त भट्टराईले बताए। प्रमुख रामभक्त भट्टराइ अनुसार,‘ बीपी राजमार्गमा चल्ने ५ वटा सवारी शनिबार नियम उल्लंघनको कार्वाहीमा परेको र सवारी सञ्चालकले यात्रुहरुलाई गर्ने व्यवहार लिएको भाडादर सोधपुछ गरेर नियमभन्दा बाहिर गएका र कागजपत्र दुरुस्त नभएका सवारी कार्वाहीमा बताए । चेकजाँचमा परेका भाडाका बस, माइक्रो, ट्याक्सी लगायतका सवारीमा ट्राफिक नियमको पालना गर्न अनुरोध गर्दै सचेतनाका पोस्टरहरु समेत सवारीमा टाँसिएको रोट्र्याक्ट क्लव अफ बर्दिवासले जानाए। हो । जिल्ला ट्राफिकको अगुवाइमा थालिएको सडक सुरक्षा अभियानमा इलाका प्रहरी कार्यालय बर्दिवास, रोटरी क्लब, रोट्र्क्याट क्लब बर्दिवासका प्रतिनिधि समेत जोडिएको ट्राफिक कार्यालय बर्दिबासले जनाएको छ । पर्वको समयमा सवारीले ठग्ने र अप्ठ्यारोमा पार्ने गरेको पाइएकाले यात्रुको सहयोगका लागि स्थानीयबासीका तर्फबाट रोटरी क्लव अफ बर्दिवास र रोट्र्याक्ट पनि प्रहरीकै अभियानमा जोडिएको रोट्र्याक क्लब अफ बर्दिवासका पूर्वअध्यक्ष विजय पोखरेलले बताए ।






टक नेपाल
Talk Nepal National Daily
राष्ट्रिय दैनिक



## ....सम्पादकीय

### मानसिक स्वास्थ्य सुधारमा ध्यान पुगोस्

नेपालमा मानसिक समस्या बढ्दो क्रममा छ । जनस्वास्थ्यका हिसाबले मानसिक समस्या एक गम्भीर समस्याका रुपमा स्थापित भएको छ । आम नेपालीले स्वास्थ्य समस्यालाई प्रत्यक्ष व्यक्तिमा देखिने समस्यामात्र बुझ्दै आएको अवस्थामा मानसिक समस्यालाई प्राथमिकतामा राख्नुपर्छ भन्ने चेतना जगाउनु आजको आवश्यकता हो । देशमा २०५२ सालमा शुरु भएको दशबर्से द्वन्द्वले ठूलो संख्यामा नेपालीहरु मानसिक समस्याको सिकार बन्न पुगे । द्वन्द्वरत पक्ष र राज्य पक्षको दोहोरो मारमा परेका नागरिक मानसिकरुपमा बढी भए । यस्तो अवस्थामा मनोपरामर्श हुन सकेन । दशबर्से द्वन्द्वपछि २०७२ सालको महाभूकम्पले पुनः नेपाल र नेपालीहरुमा ठूलो मानसिक समस्या ल्यायो । कतिका घरबार उजाड भए, धनजनको क्षतिसँगै पीडामा परेका हजारौं मानिस तत्काल उद्धारलगायत बास नपाउँदा उत्तिकै विच्छिप्त बन्न पुगे । अभिभावक तथा बालबालिका गुमाएका कैयौं नेपाली मानसिक समस्याको सिकार भए । यस विषयमा नेपाल सरकाले खासै ध्यान दिएको पाइन्न । यतिमात्र नभई बाढीपहिरो, डुबान, कोभिड-१९ को महामारी, डेंगुको प्रकोप आदिले पीडामा परेका व्यक्तिहरुसमेत मानसिक पीडा व्यहोर्न बाध्य छन् । यस्ता पीडा कम गर्न राज्यले गम्भीर भएर नयाँ कार्ययोजना ल्याउनुपर्छ । दिवसका नाममा सडकमा निकालिने एकदिनको र्‍याली, त्यो पनि शहर बजारमा, त्यसले मानसिक समस्याको समाधान गर्दैन । मानसिक पीडा पनि स्वास्थ्य समस्या हो भन्ने विषयमा विज्ञानले नै प्रमाणित गरिसकेको अवस्थामा सरकारले आम नागरिकलाई मानसिक स्वास्थ्य समस्याबाट मुक्ति दिलाउनका लागि ठोस नीति र कार्यक्रम अघि सार्नु जरुरी छ । मानसिक समस्या भएका व्यक्तिलाई हेप्ने, जिस्क्याउने, अपहेलना गर्ने जस्ता प्रवृत्तिको अन्त्य गर्दै मानसिक स्वास्थ्यको उपचारका लागि पहुँच स्थापित गर्नु राज्यको दायित्व हो । कतिपय अवस्थामा लामो समय जेलजीवन बिताएका व्यक्तिहरु जेल भुक्तान गरी घर फर्किंदा परिवार, समाजले गर्ने व्यवहार र आत्मग्लानिका कारण मानसिक समस्याको सिकार भई आत्महत्या तथा हत्या गर्नेसम्मका घटना बेला-बेलामा सार्वजनिक भए पनि सरकारको ध्यान यतातर्फ जान सकेको छैन । यही अक्टोबर १० मा 'नेपालमा पनि मानसिक स्वास्थ्य सबैको अधिकार' भन्ने मूल नाराका साथ विश्व मानसिक स्वास्थ्य दिवस मनाइयो । लैंगिकताको आधारमा महिलाहरुलाई हेर्ने दृष्टिकोण र गरिने व्यवहारले पुरुषलाई भन्दा महिलालाई ४० प्रतिशतले बढी मानसिक स्वास्थ्य समस्या देखा परेको छ भने ७५ प्रतिशत महिला डिप्रेसन र ६० प्रतिशत महिलालाई एन्जाइटी भएको विज्ञहरुले दाबी गरिरहँदा राज्यबाट अनुसन्धानमा आधारित तथ्यांकहरु सार्वजनिक गरेको अवस्था छैन । समयसँगै बढ्दै गइरहेको व्यस्तताले उत्पन्न गरेको तनावलाई व्यवस्थापन गर्न आफूले आफूलाई माया गर्न सिक्नुपर्छ । आफ्नो लागि समय छुट्याउन सक्नुपर्छ र आफूले आफूलाई पनि रिचार्ज गर्नुपर्छ । मानसिक स्वास्थ्यको ख्याल गर्न पर्याप्त निद्रा, सन्तुलित भोजन र दैनिक गोगाभ्यास गर्नुपर्छ भन्ने विषयमा राज्यका तर्फबाट आम नेपालीलाई सकारात्मक सन्देश दिने र स्वरोजगारीसँगै आर्थिकरुपमा सबल बनाउन सकेमात्र मानसिक समस्यामा न्यूनीकरण आउँछ । यसका लागि घर, परिवार, समाजले महिलाको श्रमको महत्व बुझ्नुपर्छ र राज्यले महिलाको श्रमको मूल्यांकन गरी स्वास्थ्य सेवालाई सर्वसुलभ बनाउनेतर्फ नीतिगतरुपमै व्यवस्था गरी अर्थतन्त्रमा पहुँच पुऱ्याउनुपर्छ । राज्यको ध्यान देशका नागरिकको स्वास्थ्य सेवा र मानसिक स्वास्थ्य सुधारका लागि केन्द्रित हुनु जरुरी छ । दिवसका नाममा एकदिन तामझाम गरेर नेताहरुले भाषण गर्ने नभई नागरिकको समस्यामा साथ दिने राज्यको नीति बनोस् ।

# 'जनकपुर नेपाली जुत्ता घर' मा १० हजार जित्ने लक्की ड्र अफर, स्वदेशी जुत्ताचप्पलमा ५० प्रतिशतसम्म छुट

**टक नेपाल**

जनकपुरधाम । जनकपुरमा संचालनमा आइरहेको नेपाली उत्पादनका जुत्ताचप्पलको संयुक्त शोरुम 'जनकपुर नेपाली जुत्ता घर' मा दशैंको अवसरमा १० हजारसम्म नगद जित्ने लक्की ड्र अफर राखिएको छ । प्रत्येक जुत्ता खरिद गर्दा लक्की ड्र कुपन निः शुल्क उपलब्ध गराउने आयोजनले जनाएका छन् । दशैंको अवसर पारेर उपभोक्तालाई आकर्षित गर्नका लागि २० प्रतिशतदेखि ५० प्रतिशतसम्म छुटको व्यवस्थासमेत गरेका छन् । जनकपुर उपमहानगरपालिकाको शिव चोक, स्टेशन रोडमा (नगर पालिकाको गेटको छेउमै) रहेको जनकपुर नेपाली जुत्ता घरमा गुणस्तरीय र सस्तो मुल्यमा स्वदेशी जुत्ताचप्पल पाएपछि स्थानीयबासीको चाप बढ्न थालेको छ । गत हप्ता जनकपुर उपमहानगर पालिक मेयर मनोज कुमार साह, उपमेयर किशोरी साह, जनकपुर उद्योग बाणिज्य महासंघका अध्यक्ष जितेन्द्र महासेठले संयुक्तरुपमा उद्घाटन गरेसँगै शो रुपमा संचालनमा आएको




थियो । शोरुममा ८ वटा ब्राण्डका ५ हजारभन्दा बढि नयाँ नयाँ डिजाइनका जुत्ताचप्पल उपलब्ध रहेको जनाइएको छ । व्यवसायीहरुको भन्दा पनि उपभोक्तको मुल्यमा जुत्ताचप्पल पाइने भएकाले मौकाको फाइदा उठाउन आयोजकको आग्रह छ । नेपालका प्रख्यात ब्राण्डहरुले संयुक्तरुपमा संचालनमा ल्याएको शोरुममा नेपाली उत्पादनका स्वदेशी गुणस्तरीय जुत्ताचप्पलहरु उपलब्ध रहेका छन् । जनकपुरमा स्वदेशी उत्पादनका जुत्ताचप्पलको भव्य शोरुम संचालनमा आएकोमा स्थानीयबासीले खुशी व्यक्त गरेका छन् । उनीहरुले आफ्नै आँगनमा नेपाली प्रख्यात जुत्ताचप्पलका ब्राण्डहरु विक्रि वितरण हुँदा फाइदा लिन पाएको बताएका छन् । नेपाली उत्पादनका स्वदेशी जुत्ताचप्पललाई स्थानीयतहमा पुऱ्याउने र नेपालीहरुलाई स्वदेशी जुत्ता प्रयोग गर्न प्रेरित गर्ने उद्धेश्यका साथ संयुक्त शोरुम संचालनमा ल्याइएको जनकपुर नेपाली जुत्ता घरका संयोजक तथा केटिएम सुजका प्रवन्ध निर्देशक प्रमोद महतोले जानकारी दिए । नेपालका प्रख्यात ब्राण्डहरु केटिएम सुज, फस्ट वाक, विएफ डियर हिल, रोयल सुज, क्रस रोड, शिल सुज, डिजे सुज र बेली सुज शोरुममा रहेका छन् । 'जुत्ताचप्पलका संचालकहरुले डाइरेक्ट कुनै मार्जिन नराखी उत्पादन लागतमा नै उपभोक्तालाई उपलब्ध गराउने हुँदा सस्तो र गुणस्तरीय सामाग्री जनकपुर वासीले पाउनुहुनेछ' संयोजक महतोले भने । शोरुममा ८ वटा ब्राण्डका ५ हजारभन्दा बढि नयाँ नयाँ डिजाइनका जुत्ताचप्पल उपलब्ध रहेको जनाइएको छ । व्यवसायीहरुको भन्दा पनि उपभोक्तको मुल्यमा जुत्ताचप्पल पाइने भएकाले मौकाको फाइदा उठाउन आयोजकको आग्रह छ । नेपालका प्रख्यात ब्राण्डहरु केटिएम सुज, फस्ट वाक, बिएफ डियर हिल, रोयल सुज, क्रस रोड, शिल सुज, डिजे सुज र बेली सुज शोरुममा रहेका छन् । नेपाली उत्पादनलाई प्रबर्द्धन गर्नको लागि देशव्यापी रुपमा मेला तथा शोरुमहरु बिस्तार गर्दै आएको व्यवसायीहरुको समुहले बजारमा पाउने भन्दा एकदमै सस्तो मुल्यमा गुणस्तरिय जुत्ताचप्पल बिक्रि वितरण गर्नुका साथै स्वदेशमा नै स्तरिय जुत्ता बन्दोरहेछ भनेर प्रमाणित गरिरहेका छन् । जनकपुरमा संचालनमा आएको संयुक्त शोरुमबाट अहिले को अवस्थामा आर्थिक मन्दी खेपिरहेका उपभोक्ता तथा व्यवसायीलाई राहत दिने संचालकहरुको भनाई छ । स्वदेशी उत्पादनलाई प्रवर्द्धन गर्न र स्वदेशी उत्पादनका जुत्ताचप्पललाई माया गर्न आफ्नै आँगनमा संचालनमा आएको शोरुममा गएर स्वदेशी जुत्ताचप्पल खरिद गरी मौकाको फाइदा उठाउन आयोजकको आग्रह छ ।

# न्यूजिल्याण्ड चुनावको प्रारम्भिक नतिजाले क्रिस्टोफर लक्सन प्रधानमन्त्री बन्ने सक्केत

**टक नेपाल**

एजेन्सी । न्यूजिल्याण्डमा शनिबार आम निर्वाचनको मतदान सकिएको छ । अहिले मतगणना जारी छ । प्रारम्भिक नतिजाहरूले जसिन्डा आर्डनको नेतृत्वमा रहेको उदारवादी सरकारको छ वर्षपछि जनताले कट्टरपन्थी परिवर्तनको पक्षमा रुचि देखाएको देखिएको छ । करिब एक चौथाइ मतगणना भइसक्दा पूर्वव्यवसायी क्रिस्टोफर लक्सन मुलुकको अर्को प्रधानमन्त्री तयारीमा रहेका छन् । आफूसँग पूरा सरकार चलाउन 'पर्याप्त क्षमता' नभएको भन्दै आर्डर्नले अप्रत्याशितरूपमा गत जनवरीमा प्रधानमन्त्रीबाट राजीनामा दिएका थिए । पछिल्लो निर्वाचन उनले ठूलो मतान्तरले जितेका थिए तर कोभिड-१९ मा लगाइएको प्रतिबन्ध र मुद्रास्फीतिले अर्थतन्त्रलाई खतरामा पारेपछि उनको लोकप्रियता खस्केको थियो । उनले राजीनामा दिएपछि ४५ वर्षीय क्रिस हिपकिन्स प्रधानमन्त्री बने । उनी यसअघि शिक्षामन्त्रीको जिम्मेबारीमा रहे का थिए । प्रारम्भिक मतगणनाले लक्सनको नेसनल पार्टीले ४० प्रतिशतभन्दा बढी मत हासिल गरेको देखाएको छ । न्यूजिल्याण्डको समानुपातिक मतदान प्रणालीअनुसार ५३ वर्षीय लक्सनले स्वतन्त्रतावादी एसीटी पार्टीसँग गठबन्धन गरेर सरकार बनाउने अपेक्षा गरिएको छ । यसैबीच हिपकिन्सको नेतृत्वमा रहेको लेबर पार्टीले २५ प्रतिशतमात्र मत प्राप्त गरेको छ । गत आम निर्वाचनमा आर्डर्नको नेतृत्वमा प्राप्त गरेको अनुपातमा यो करिब आधा मत हो । लक्सनले मध्यम आम्दानी गर्नेहरूका लागि कर कटौती गर्ने र अपराधमाथि नियन्त्रण गर्ने प्रतिबद्धता व्यक्त गरेका छन् । त्यस्तै हिपकिन्सले ३० वर्षभन्दा कम उमेर समूहका लागि निःशुल्क दन्त सेवा तथा फलफूल र तरकारीको विक्रीमाथिको कर हटाउने वाचा गरेका छन् ।

**विज्ञापनको लागि सम्पर्क गर्नुहोस्**

सम्पर्क नम्बरहरु

९८०७८२१०१४, ९८६३२१०१४

९८०४८०४७००

टक नेपाल राष्ट्रिय दैनिक पत्रिका

## आवश्यक टेलिफोन नम्बरहरु

| | | | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल | १०० | IRDs समाज सहकारी अस्पताल | ५५०४०१ |
| जिल्ला प्रहरी कार्यालय जलेश्वर | ५२०१९९ | सिटि केयर हस्पीटल वर्दिवास | ५५०५२७ |
| ईलाका प्रहरी कार्यालय बर्दिबास | ५५०००६ | छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला ट्रा.प. कार्यालय | ५५००५५ | ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| नेपाल पत्रकार महासंघ, महोत्तरी | ५२०५१५ | बर्दिवास दुरसञ्चार | ५५०००० |
| शुभ स्वस्तिक हस्पिटल | ५५०२५५ | नेपाल रेल्वे जनकपुरधाम | ५२०२११ |
| बर्दिबास अस्पताल | ५५००९० | जनकपुर आँखा अस्पताल | ५२०३९७ |
| रेडक्रस एमबुलेन्स | ५२०१०० | प्रदेशिक अस्पताल जनकपुरधाम | ५२००३३ |
| वारुण यन्त्र (दमकल) | ५२००९७ | सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| नेपाल विद्युत वितरण केन्द्र, गौशाला | ५५६०८९ | एम्बुलेन्स (हिमालय युवा क्लव नक्टाझिज) | ०४१-६२०४९१, ९८०४८१५१२६ |
| जलेश्वर अस्पताल | ५२००७० | | |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ | एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ | एम्बुलेन्स (मारवाडी सेवा समिति) | ५२२७६२, ५२१७८४ |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ | एम्बुलेन्स (जानकी मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एकिकृत सेवा केन्द्र बर्दिवास | ५५०६६८ | महाविर युवा कमिटी एम्बुलेन्स | २५९८० |

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | अवसर आए पनि काम थाल्नुअघि राम्ररी विचार पुर्याउनुहोला। | तुला | दैनिक काममा उल्लेख्य फाइदा हुनेछ। |
| बृष | भौतिक साधन जुट्नाले नयाँ योजनातर्फ अग्रसर भइनेछ। | वृश्चिक | आफ्ना कमजोरी बाहिरिनाले समस्या पर्ला। |
| मिथुन | परिस्थिति अलि संघर्षपूर्ण रहला। अरूका लागि बुद्धि खर्चनुपर्नेछ। | धनु | परिस्थितिवश चिताएको काममा बाधा पुग्नेछ। |
| कर्कट | निर्णय लिएर पनि परिस्थितिअनुसार चल्न नसक्ता पछि परिनेछ। | मकर | मिहिनेतको नतिजा चित्तबुझ्दो नआउन सक्छ। |
| सिंह | समय फुर्सदिलो रहनाले भेटघाटको अवसर प्राप्त हुनेछ। | कुम्भ | काममा साथीभाइको सहयोग जुट्नेछ। |
| कन्या | दिगो योजनाका लागि धेरै रकम जुटाउनुपर्ला। | मीन | परिबन्धले अप्ठ्यारो स्थिति निम्त्याउन सक्छ। |

**राशिफल जे जस्तो भएपनि तपाईको दिन शुभ रहोस् ।**

# प्रधानसेनापति शर्मा स्वदेश फिर्ता

■ टक नेपाल

काठमाडौँ । प्रधानसेनापति प्रभुराम शर्मा संयुक्त अधिराज्य बेलायतको औपचारिक भ्रमण सम्पन्न गरी शनिबार स्वदेश फर्किएका छन् । उनलाई त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा रक्षा सचिव किरणराज शर्मा तथा बलाध्यक्ष रथी सिताराम खड्काले स्वागत गरे । बेलायतका सेना प्रमुख जनरल सर प्याट्रिक स्यान्डर्सको औपचारिक निमन्त्रणामा यही असोज २१ गते उनी त्यसतर्फ प्रस्थान गरेका थिए । बेलायत भ्रमणका दौरान प्रधान सेनापतिले आफ्ना बेलायती समकक्षीसँग त्यहाँको सैनिक मुख्यालयमा शिष्टाचार भेटघाट गरेका थिए । त्यस्तै, उनले रोयल कलेज अफ डिफेन्स स्टडिज तथा रोयल मिलिटरी एकेडेमीको



भ्रमण गर्नुका साथै ती शिक्षण संस्थाका कमान्डन्टहरुसँग भेट गरेका थिए। त्यस्तै उनले ब्रिगेड अफ गुर्खाजको हेडक्वार्टर को समेत भ्रमण गरेका थिए । यसैगरी बेलायतका लागि नेपाली राजदूत ज्ञानचन्द्र आचार्यले प्रधान सेनापतिको सम्मानमा नेपाली राजदूतावासमा आयोजना गरेको रात्रिभोजमा सरिक भए । यसअघि उनले वेल्स, ब्रेकनस्थित सेनीब्रिज ट्रेनिङ एरियामा सञ्चालन भएको क्याम्ब्रियन पट्रोल अभ्यासमा सहभागी विभिन्न देशका सैनिक टोलीहरूलाई पुरस्कार वितरण समारोहमा सरिक भई पदक तथा प्रमाणपत्र वितरण गर्नुका साथै उक्त प्रतिस्पर्धात्मक अभ्यासमा सहभागी नेपाली सेनाको टोलीसँग भेटघाट गरेका थिए ।

# नेपाली काँग्रेस रुपन्देही २ को सभापतिमा गिरी र सहसचिवमा अर्याल निर्वाचित

■ टक नेपाल

बुटवल । नेपाली काँग्रेस रुपन्देही क्षेत्र नं. २ को शनिवार भएको क्षेत्रीय सभापति र सहसचिवको निर्वाचनमा सभापतिमा प्रजापाल गिरीले ३४६ मतका साथ विजयी भएका छन् । उनका निकटतम प्रतिद्वान्दी पर्शुराम ढकालले २४५ मत पाए। गिरी १०१ मतान्त्रणले विजयी हुनु भएका हुन् । त्यस्तै सहसचिवमा संगिता गौतम अर्याल २९७ मतका साथ विजयी भएकी छन्। भने विष्णु चापागाईले २८९ मत पाए। मुलुकभरी देखापरेको गुट उपगुटले गर्दा नेपाली कांग्रेसमा मात्र नभई मुल प्रवाहमा रहेका दलहरुमा आम जनताको वितृष्णा उत्पन्न भएको छ । दलहरुमा देखिएको गुटगत राजनितीले संघियतामाथि



नै शंका उत्पन्न हुन थालेको छ। यतीमात्र होईन प्रमुख दलहरुको विकल्प खोज्न जनताहरु लालाहित भएका छन । सोही मारमा रुपन्देहीमा पनि नेपाली कांग्रेसले सोही हालत देखाएको छ । क्षेत्र नं. २ को शनिवार भएको सभापतिचयनको उपनिर्वाचनमा संस्थापन तर्फवाट युवा नेता प्रजापाल गिरी र संस्थापन ईतर समुहवाट पर्शुराम ढकालले खुल्लम खुल्ला गुटगत रुपमा उम्मेदवारी दर्ता गरेसंगै जनतामा थप निरासा छाएको छ । निर्वाचन सम्पन्न गर्न खटिएका प्रमुख निर्वाचन आयुक्त रविकुमार रायमाझीले ६ सय ७४ जना मतदाता रहेकोमा ६१३ जनाले मतदानमा सहभागिता जनाएको बताए ।

# हत्या गरी फरार रहेका कृष्ण १९ वर्षपछि साधुको भेषमा पक्राउ

■ टक नेपाल

चितवन । चितवनमा हत्या गरी फरार रहेका एक व्यक्ति १९ वर्षपछि साधुको भेषमा पक्राउ परेका छन् । भरतपुर महानगर पालिका-२८ बस्ने ४३ वर्षीय कृष्ण भन्ने तोयानाथ चापागाईंलाई साधुको भेषमा सोमबार साँझ प्रहरीले पक्राउ गरेको हो । विशेष सूचनाको आधारमा जिल्ला प्रहरी कार्यालय चितवन र इलाका प्रहरी कार्यालय बर्दघाट नवलपरासी पश्चिमबाट खटिएको प्रहरीले पक्राउ गरेको हो। खोजी गर्ने क्रममा नवलपरासी पश्चिम वर्दघाट नगरपालिका-४



बाढीपीडितस्थित शिव मन्दिरमा भेष बदलेर साधुको रूपमा लुकिछिपी बसेको अवस्थामा फेला पारी पक्राउ गरेको जनाइएको छ। चापागाईं भरतपुर महानगरपालिका-७ बस्ने मनकुमारी वाग्लेको हत्या गरी फरार भएका थिए । नातामा नाति पर्ने चापागाईंले २०६१ मंसिर १४ गते मनकुमारीलाई बाँसको लौरो र ढुंगा प्रहार गरी हत्या गरेका थिए । हत्यापश्चात कानमा लगाएको गरगहनासमेत लुटी फरार भएको प्रहरीको अनुसन्धानमा खुलेको छ ।

अब विश्वको कुनै कुनाबाट एक क्लिकमा हेर्नुस्
मधेश र देश विदेशको हरेक खबर
www.talknepaltv.com
बर्दिबास मिडिया ग्रप प्रा.लि.
बर्दिबास, महोत्तरी (मधेश प्रदेश)

हार्दिक मंगलमय शुभकामना
नेपालीहरूको महान पर्व विजया दशमी, शुभ दिपावली तथा "छठ पर्व" २०८० को पावन अवसरमा देश बिदेशमा रहनु भएका नेपाली दाजुभाइ तथा दिदीबहिनीहरुमा सुख, शान्ती समृद्धि र उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
लक्ष्मण सिंह
वडा अध्यक्ष
बर्दिबास नगरपालिका वडा नं. १३, महोत्तरी
९८४५५८७५२७

अमेरिकामा
बसोबास तथा रोजगारको
सुनौलो अवसर
EDV 2025
कान्तिपुर डिजिटल कलर ल्याब
& फोटो स्टूडियो
मेनरोड बर्दिवास-१, महोत्तरी
सम्पर्क नं.:- ०४४-५५०५९५/९८५४०२०५९५

अब बर्दिवासमै खुल्यो सुविधा सम्पन्न अस्पताल
साई मल्टिस्पेसियालिटी हस्पिटल एण्ड ट्रमा सेन्टर
बर्दिबास न.पा-१ महोत्तरी (यातायात कार्यालयको सामुने)
हाम्रा सेवाहरु
• २४सै घण्टा इमरजेन्सी सेवा
• HDU, ICU, NICU सेवा
• २४ सै घण्टा डिलेभरी सेवा
• २४सै घण्टा ट्रमा(हाड जोर्नी एवं नशा)
• २४सै घण्टा अपरेशन सेवा
• २४सै घण्टा बाल रोग विशेषज्ञ सेवा
• २४सै घण्टा भिडियो एक्स-रे सेवा
• २४सै घण्टा ल्याब, प्याथोलोजी सेवा
• इण्डोस्कोपी कोलोनोस्कोपी सेवा
• छाती, मुटु तथा पेट रोग विशेषज्ञ
• हाड जोर्नी तथा नशा रोग सेवा
• पेट, आन्द्रा, लिभर एवं छाती रोग विशेषज्ञ
• नाक, कान, घाँटी, आँखा, मुख तथा दाँत रोग सेवा
विशेषज्ञ डाक्टरद्वारा दैनिक OPD सेवा
9801673409, 9801673410, 9801673411, 9801673412, 9801673415

प्रो. राम किसुन चौधरी
श्री जयसी बाबा ग्याँस पसल
क्षीरेश्वरनाथ-५, महेन्द्रनगर सखुवा रोड
एन.एल + ग्याँस वानको अधिकृत बिक्रेता
यहाँ थोक तथा खुद्रा ग्याँस सिलीण्डरहरु पाईन्छ र राईस कुकर, कुकर, चुलो, रेगुलेटर, पाईप, लाईटर मर्मत गर्नुको साथै सुपथ मूल्यमा पाईन्छ।

# गौशालामा विपन्न बालबालिकाहरुलाई ब्याग वितरण

■ टक नेपाल

गौशाला। महोत्तरीको गौशालामा विपन्न बालबालिकाहरुलाई ब्याग वितरण गरिएको छ । शनिवार श्री सरस्वति मा.वि . गौशाला-८ भन्टाबारीमा अध्ययनरत १ सय ६० जना विपन्न बालबालिकाहरुलाई होप फर चिल्ड्रेन संस्थाले कार्यक्रमको आयोजना गरि स्कुल ब्याग वितरण गरेको हो । ब्याग वितरण कार्यक्रममा गौशाला नगरपालिकाको उपप्रमुख रेणु कुमारी महतो, सगरमाथा मिसिन प्रोभिन्सका कृष्ण बहादुर श्रेष्ठ, वडा न.८ का वडा अध्यक्ष



भोज बहादुर दर्लामी, होप फर चिल्ड्रेनका रुकेश सयल लगायत विपन्न परिवारका विभिन्न जनसमुदायको सहभागिता रहेको थियो । बालबालिकाहरुलाई शिक्षामा प्रेरित गर्नको लागि ब्याग वितरण गरिएको संस्थाले जनाएको छ ।

# चाडपर्वको अवसरमा दुर्गा मन्दिरको सरसफाइ

■ टक नेपाल

गौशाला। महोत्तरीको गौशालामा चाडपर्वको अवसरमा दुर्गा मन्दिरको सरसफाइ गरिएको छ । गौशाला नगरपालिका वडा नम्बर ५ अन्तर्गत रहेका दुर्गा मन्दिरको सरसफाइ गरिएको हो । चाड पर्वलाई लक्षित गरि गौशाला नगरपालिका र ईलाका प्रहरी कार्यालय गौशाला, ट्राफिक प्रहरी लगायत स्थानीय युवाहरु र व्यापारीहरुको संयुक्त रुपमा धार्मिक स्थल रहेका दुर्गा मन्दिर लगायत बजार क्षेत्रमा सरसफाइ गरेका छन् । सरसफाई कार्यक्रममा गौशाला नगरपालिकाका नगर प्रमुख डा. दिपेन्द्र महतो, वडा नम्बर ५ का




अध्यक्ष ओम प्रकाश गुप्ता लगायत वडा सदस्यहरु, ईलाका प्रहरी कार्यालय गौशालाका प्रतिनिधिहरु, ट्राफिक प्रहरी युवाहरु, स्थानीय व्यापारीहरुको उपस्थिति रहेको थियो ।

# नेपाल प्रेस युनियन मधेस प्रदेश समितिको प्रादेशिक भेला सम्पन्न

■ टक नेपाल

काठमाडौं । नेपाल प्रेस युनियन मधेस प्रदेश समितिको प्रादेशिक भेला सम्पन्न, ८ बुँदे लालबन्दी घोषणापत्र जारी जनकपुरधाम। नेपाल प्रेस युनियन मधेस प्रदेश समितिको प्रादेशिक भेला ८ बुँदे लालबन्दी घोषणा पत्र जारी गर्दै सम्पन्न भएको छ। नेपाल प्रेस युनियन मधेस प्रदेश समितिको आयोजना मा नेपाल प्रेस युनियन सर्लाही शाखाको आतिथ्यतामा प्रेस युनियनको संगठन विस्तार तथा सुदृढीकरणका विषयमा सघन छलफल गरी असोज २६ र २७ गते सर्लाहीको लालबन्दीमा सम्पन्न भएको भेलाले ८ बुँदे लालबन्दी घोषणा पत्र जारी गरेको हो । जारी गरिएको घोषणापत्रमा नेपाल प्रेस युनियनलाई सबल, सक्षम र श्रमजीवी पत्रकारहरूका हितमा पक्षमा काम गर्दै गतिशील संगठन बनाउन नेपाल प्रेस युनियन मधेस प्रदेशका आठवटै जिल्ला समितिलाई परिचालन गर्ने, प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको रक्षा गर्दै व्यावसायिक पत्रकारिता तथा सञ्चार माध्यमको संस्थागत विकास गर्नका लागि सरोकार वाला निकायसँग सहकार्य गरेर काम गर्ने उल्लेख छ । यसैगरी, नेपाल पत्रकार महासंघको सदस्यता शुद्धीकरण अभियानमा प्रेस युनियनलगायतका संस्थाहरूबीच भएको पूर्वसहमति विपरीतका कार्यप्रति ध्यानाकर्षण भएको उल्लेख गर्दै सदस्यता शुद्धीकरणका नाममा भएका कतिपय गतिविधिबाट व्यावसायिक तथा मापदण्ड पूरा गरेका पत्रकारहरु वञ्चित भएकाले न्यायोचित रूपमा मापदण्डअनुसार पत्रकार लाई सदस्यता दिने व्यवस्था मिलाउन पत्रकार महासंघको ध्यानाकर्षणसमेत गराएको छ । त्यसैगरी, घोषणापत्रमा नेपाल पत्रकार महासंघलाई सबै आस्था, विचार भएका पत्रकार सम्बद्ध संस्थाहरूलाई समेटेर नेपाल प्रेस युनियनको नेतृत्वमा पत्रकार महासंघको सर्वसम्मत नेतृत्व चयन गर्न पहल गर्ने, व्यावसायिक पत्रकारिताको विकास, दक्ष जनशक्ति उत्पादन, विधागत पत्रकारिताको प्रवर्द्धनका लागि नेपाल प्रेस युनियन केन्द्रीय समितिले घोषणा गरेको छ। यस्तै, पत्रकार प्रशिक्षण वर्ष २०८० लाई सफल बनाउन युनियनको प्रदेश समिति र जिल्ला शाखालाई परिचालन गर्ने ,सञ्चार माध्यम र पत्रकारिता क्षेत्रको विकासका लागि प्रदेश सरकारले सञ्चार माध्यमलाई दिने लोककल्याणकारी विज्ञापन बापतको रकम वृद्धि गर्न, स्वरो जगारमूलक सञ्चारमाध्यमहरुको संरक्षण र संवर्द्धनमा विशेष जोड दिँदै पत्रकारको क्षमता विकासका लागि बजेटको व्यवस्था गर्न जोडदार मागसमेत गरेको छ । प्रादेशिक भेलाले सञ्चार माध्यममा सहभागिता र विषयवस्तुमा समावेशीतालाई ध्याद दिँदै लैगिङ्कमैत्री बनाउन र गोलभैँडाको सहरका नामले परिचित सर्लाहीको लालबन्दी नगरमा कृषिक्षेत्रको दिगो विकासमार्फत् पर्यटन प्रवर्द्धनका ठोस तथा उपलब्धिमूलक काम गर्न सम्बद्ध निकायसँग माग गरेको घोषणा पत्रमा उल्लेख गरेको छ।













बर्दिबास मिडिया प्रा.लि. द्वारा प्रकाशित, अध्यक्ष : अन्जीत कुमार चौधरी, सम्पादक : रंजुकुमारी साह, सल्लाहकार सम्पादक : ईश्वरी काफ्ले, प्रवन्धक : बिनोद ढुंगेल, साजसज्जा : बिबेक कुमार महतो
मुद्रक : आमोश अफसेट प्रिन्टिङ्ग प्रेस, बर्दिबास-३, महोत्तरी, प्रधान कार्यालय : बदिबास, महोत्तरी E-mail : talknepalnationaldaily@gmail.com